# थाहा नगरपालिका

## विनियोजन ऐन,, २०८१

थाहा नगरपालिका

इन्द्रायणीचौर, मकवानपुर

आर्थिक वर्ष २०८१।०८२

# थाहा नगरपालिका

## विनियोजन ऐन, २०८१

### *आर्थिक वर्ष २०८१/८२*

*सभाबाट स्वीकृत मितिः २०८१।०३।०७*

**प्रस्तावनाः**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को विकास निर्माण र सेवा प्रवाहको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप– धारा (२)बमोजिम थाहा नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " थाहा नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८१।८२ को लागि सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१।८२ को लागि थाहा नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने विकास निर्माण र सेवा प्रवाहका लागि अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ९१,९१,४३,५००.०० (अक्षेरुपी एकानब्बे करोड एकानब्बे लाख त्रिचालीस हजार पाँच रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।८२ को निमित्त थाहा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने विकास निर्माण र सेवा प्रवाहको लागि विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने विकास निर्माण र सेवा प्रवाहको लागि विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १०

विष्णु बहादुर बिष्ट
नगर प्रमुख

प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्चतर्फ विनियोजित रकम चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ ।

अनुसूचि– १

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | ९,१९,१४३.५० |
| १. | | नगरकार्यपालिका | | | | |
| २. | | वडा समिति | | | | |
| ३. | | बिषयगत शाखा | | | | |
| ४. | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५. | | लगानी (शेयर/ऋण) | | | | |

बिष्णु बहादुर बिष्ट
नगर प्रमुख